# सुचना तथा सञ्चार प्रविधि सेवा पहुँच योजना






**सानोदुम्मा माध्यमिक विद्यालयमा आधुनिक सुचना तथा सञ्चार प्रविधि**

**सम्वन्धि सेवा सुविधाको पहुँच पुऱ्याउनका निम्ति श्री जिल्ला शिक्षा**

**कार्यलय, भोजपुर मार्फत आर्थिक सहयता (जोड कोष)**

**रकम माग गर्न तयार पारिएको**

**प्रस्तावना पत्र**


**<u>प्रस्तावक</u>**

**सानोदुम्मा माध्यमिक विद्यालय**

**सानोदुम्मा-३, (थर्पु)**


## श्री जिल्ला शिक्षा कार्यलय

## भोजपुर

## २०७०

# विषय सूचि


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| **अध्याय-एकः परिचय** | | **१-२** |
| १.१ | भूमिका | १ |
| १.२ | विद्यालयको पृष्ठभूमि | १ |
| १.३ | योजनाको औचित्य | २ |
| १.४ | योजनाको उद्देश्य | २ |
| **अध्याय-दुईः विगत र वर्तमान अवस्थाको समीक्षा** | | **३-३** |
| २.१ | सुचना तथा सञ्चार प्रविधि क्षेत्रमा विद्यालयको विगत र वर्तमान अवस्थाको संक्षिप्त परिचय | ३ |
| **अध्याय-तीनः योजना कार्यन्वयनको प्रस्तावित खाका** | | **४-६** |
| ३.१ | प्रस्तावित योजना | ४ |
| ३.२ | योजना तयारी | ४ |
| ३.३ | आर्थिक लागत तथा व्यवस्थापन | ४ |
| ३.३.१ | आन्तारिक स्रोत | ४ |
| ३.३.२ | वाह्य स्रोत | ४ |
| ३.४ | योजनाका प्रमुख सेवा सुविधा तथा सामग्रीहरुको विवरण | ४ |
| क) | कम्प्युटरः | ४ |
| ख) | प्रिन्टरः | ५ |
| ग) | टेलिफोनः | ५ |
| घ) | इन्टरनेट सेवाः | ५ |
| ङ) | विविधः | ५ |
| ३.५ | विद्युत आपूर्ति | ५ |
| ३.६ | योजनाको प्रस्तावित एवम् सम्भावित लागत विवरण | ६ |
| ३.७ | फर्निचर | ६ |

# अध्याय-एक
# परिचय

## १.१ भूमिका

विद्यालय शैक्षिक विकासको एक महत्वपूर्ण पक्ष हो । त्यसैले प्राचीनकाल देखि नै विद्यालयलाई **विद्याको मन्दिर**को रुपमा समेत लिने गरिएको पाइन्छ । नेपाली औपचारिक शिक्षा प्रक्रियाको ऐतिहासिक विरासत त्यति पुरानो नभए तापनि छोटो समयको अन्तरालमै नेपाली शिक्षाले अन्तर्राष्ट्रिय स्तरको शैक्षिक स्तर कायम गर्न सकेकोमा गर्व गर्नु पर्ने हुन्छ । किनकी, पश्चिमा युरोपेली तथा अमेरिकी नागरिकहरुले कम्प्युटरको माध्यमबाट कार्य सम्पादन गर्न थालिसकेको अवस्था सम्म पनि  हामी नेपालीहरुले औपचारिक शिक्षाको अवसरबाट नितान्त रुपमा बन्चित हुनु परिरहेको तीतो यथार्थ हामी सामु अझै सम्म पनि ताजै नै छ, भन्नु अतिशयोक्ति नहोला । तथापि हाम्रो शैक्षिक प्रक्रिया थोरबहुत हदसम्म भए पनि तिनै विकसित मुलुकहरुको पिछा गर्दै भए पनि हिजोको दिनहरु भन्दा निकै माथि उठिसकेको महसुस सबैले गर्न सकिन्छ । खराव कुरा अरुको गल्तीबाट पाठ सिक्नु र असल कुरा अरुको पनि नक्कल गर्न सक्नु पर्दछ । त्यसै परिप्रेक्षमा नेपालले धेरै विकसित मुलुकहरुको शैक्षिक प्रक्रियाहरुको असल पक्षहरुको नक्कल पनि गर्नु जरुरी छ, र, गर्दै आएको पनि देखिन्छ ।

पछिल्लो समयमा आधुनिक सुचना तथा प्रविधिको उपयोग शैक्षिक क्षेत्रमा नेपालले विकसित मुलुकहरुको असल पक्षको सिको गरेको नै हो । जुन राम्रो कुरो हो । आजको युग कम्प्युटर र सुचना तथा सञ्चार प्रविधिको युग हो, भन्ने गरिन्छ । किनकी सुचना तथा सञ्चार प्रविधिको अभावमा धेरै अवसरहरुबाट वन्चित हुनु पर्ने स्थिति छ । हाम्रा विद्यालयहरुमा पनि सुचना तथा सञ्चार प्रविधिको सेवा सुविधा पुऱ्याई बालबालिकाहरुलाई आधुनिक युगको एक सक्षम नागरिकको रुपमा तयार गर्नको निम्ति हरेक विद्यालयहरुका सुचना तथा सञ्चार प्रविधिको सुविधा पुऱ्याउने सरकारी लक्ष्य अनुरुप श्री जिल्ला शिक्षा कार्यलय, भोजपुरकले पनि कम्तिमा जिल्ला भित्रका हरेक माध्यमिक विद्यालयहरुमा सम्बन्धित विद्यालय र जि.शि.का. को साझेदारीमा जोडकोष खडा गरी कम्प्युटर सुविधा पुऱ्याउने उद्देश्यले सर्कुलर जारी गरे मुताविक सानोदुम्मा माध्यमिक विद्यालयमा **सुचना तथा सञ्चार प्रविधि सम्वन्धि योजना** कार्यन्वयनका लागि आर्थिक सहयता (जोड कोष) प्राप्त गर्नको निम्ति यो प्रस्तावना पत्र तयार पारिएको छ ।

## १.२ विद्यालयको पृष्ठभूमि

सानोदुम्मा माध्यमिक विद्यालयको अभिलेख अनुसार संक्षिप्त ऐतिहासिक पृष्ठभूमि निम्नानुसार प्रस्तुत गरिएको छ ।

- वि.सं.२०१० साल बैशाख ११ गते स्थानीय शिक्षाप्रेमीहरु तथा सर्वसधारणहरुको विशेष पहलमा **झ्याम्टे विद्यालयको** नामबाट स्थापित ।
- वि.सं.२०११ साल जेठ १ मा डिष्ट्रिक सोल्जर बोर्ड भोजपुरमा **झ्याम्टे अपर प्राइमरी स्कूलको नामबाट स्वीकृत** भइ सञ्चालन निरन्तरता ।
- वि.सं.२०२० साल माघ ९ गते वि.जि.शि.नि. भोजपुर बाट **झ्याम्टे मिडिल इङलिस स्कूलको नाममा स्वीकृत** भइ सञ्चालन निरन्तरता ।
- वि.सं.२०३१ पौष १ गते रा.शि.प.यो. लागु हुँदा **सानोदुम्मा प्राथमिक विद्यालय नमाकरण** हुनुको साथै कक्षा-७ सम्मको पठन पाठनलाई कक्षा १-३ मा सीमित गरिएको ।
- वि.सं.२०४१ सालमा तत्कालिन विद्यालय परिवारको विशेष पहलमा **कक्षा-४ सञ्चालन** अनुमति प्राप्त ।
- वि.सं.२०५९ भाद्र ३० गते क्षेत्रिय शिक्षा निर्देशनालयबाट **नि.मा.तह कक्षा-६ सञ्चालन** अनुमति प्राप्त ।
- वि.सं.२०६७ बैशाख १४ गते **मा.तह (कक्षा-९) सञ्चालन** अनुमति प्राप्त ।
- वि.सं.२०६८ साल देखि **प्रवेशिका परीक्षामा विद्यार्थीहरु सामेल** गराउन सफल ।

## १.३ योजनाको औचित्य

देहायनुसारका तथ्यहरुले यस योजनाका औचित्यहरु पुष्टि गर्नेछन् :

- सानोदुम्मा माध्यमिक विद्यालयमा कम्प्युटरको सुविधा अभिवृद्धि हुनेछ ।
- शिक्षण सिकाइ क्रियाकलापमा सुचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गर्ने अवसर मिल्नेछ ।
- सानोदुम्मा माध्यमिक विद्यालयमा द्रूत गतिको इन्टरनेटको सुविधा पहुँच पुग्नेछ ।
- सानोदुम्मा माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई कम्प्युटरको आधारभूत ज्ञान हासिल गर्ने अवसर मिल्नेछ ।
- सानोदुम्मा माध्यमिक विद्यालयका महत्वपूर्ण तथ्याङ्कहरु कम्प्युटराइज हुनेछन् ।
- सुचना आदान प्रदान कार्यमा सहजता हुनेछ । जस्तैः इमेल मार्फत ।
- कार्यलयको दैनिक कामकाज तथा आवधिक परीक्षाहरुमा प्रश्नपत्र तयार पार्न सहजता पुग्नेछ ।
- कम्प्युटर सञ्चालन सम्वन्धि ज्ञान सीप नभएका शिक्षकहरुका लागि कम्प्युटर सिक्ने अवसर मिल्नेछ ।

## १.४ योजनाको उद्देश्य

यस योजनाका मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- विद्यालयमा न्यनतम तीन वटा कम्प्युटरहरु को प्रवन्ध गर्ने ।
- विद्यालयमा Wireless: High Speed Broadband Internet Service उपलब्धता गर्ने ।
- विद्यालयमा प्रिन्टर-फोटोकपि मेशिन, स्क्यानर 3 in One खरिद गर्ने ।
- विद्यालयमा टेलिफोन सेवा उपलब्धता गर्ने ।

# अध्याय-दुई
## विगत र वर्तमान अवस्थाको समीक्षा

### २.१ सुचना तथा सञ्चार प्रविधि क्षेत्रमा विद्यालयको विगत र वर्तमान अवस्थाको संक्षिप्त परिचय

सानोदुम्मा माध्यमिक विद्यालय, दुर्गम जिल्ला भोजपुरको पनि दुर्गम क्षेत्र अन्तर्गतको सानोदुम्मा गा.वि.स. मा पर्दछ । दुर्गम क्षेत्रको विद्यालय भए तापनि यस विद्यालयमा मानेडाँडा स्रोतकेन्द्र भरिको विद्यालयहरु भन्दा सबभन्दा अगाडि कम्प्युटरको प्रवन्ध गरिएको विद्यालय हो । स्थापनाको दृष्टिकोणले पनि यो विद्यालय यस क्षेत्रका अन्य विद्यालयहरु भन्दा अगुवा विद्यालय हो । त्यसैगरी सुचना प्रविधिमो सवालमा पनि हाल सम्म यसै विद्यालयले अन्य विद्यालयहरुलाई समेत हालसम्म नेतृत्व गरिरहेको छ, भन्दा द्विमत नहोला । किनकी हालसम्म सौर्य उर्जा प्रणाली-इन्भेटर मार्फत कम्प्युटर सञ्चालन गरिरहेको यो नै एक मात्र विद्यालय हो ।

विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउने सन्दर्भमा तत्कालिन शिक्षक तथा हालका प्र.अ. अर्जुन राईको विशेष उल्लेखनीय भूमिका रहेको पाइन्छ । त्यसैगरी तत्कालिन प्र.अ. नारायणप्रसाद राई तथा वि.व्य.स. का पदाधिकारीहरुको समेत साथ, सहयोग र समर्थनले गर्दा विद्यालयमा वि.सं. २०६७ साल ताका नै कम्प्युटर सञ्चालन गरिएको थियो ।सुचना-प्रविधिमा गहिरो अभिरुचि भएका निज अर्जुन राईले यस विद्यालयमा शिक्षणका लागि प्रवेश सँगसँगै कम्प्युटरको महत्वको बारेमा चर्चा परिचर्चा गर्दै विद्यालय परिवार, वि.व्य.स. तथा अभिभावकहरुमा समेत धेरै समय सम्म चेतना फैलाउन वा कुरा बुझाउन नै समय खर्चिनु पऱ्यो । आफैमा कम्प्युटर सञ्चालन सम्बन्धि सामान्य दक्षता राख्ने भएकाले विद्यालयमा कम्प्युटर सजिलै सञ्चालन गर्न सकिने निज शिक्षकको कुरामा सबै सहमत त भए तर समस्या आर्थिक व्यवस्थापनको रह्यो । आर्थिक व्यवस्थापनमा तत्कालिन प्र.अ. नारायणप्रसाद राईले विशेष पहल गर्नु भई योजनाले मूर्त रुप लिएको थियो । तत्कालिन समयमा कम्प्यटर ज्यादै नौलो कुरा मानिन्थ्यो । किनकी मोबाइल फोनको समेत राम्ररी पहुँच वृद्धि नभइसकेको अवस्था थियो ।

उक्त समयमा व्यवस्था गरिएका कम्प्युटर तथा सौर्य उर्जाका कतिपय सामग्रीहरु काम नलाग्ने गरी बिग्रेको र कतिपय राम्ररी नै काम लाग्ने अवस्थाका छन् । विशेष गरी सौर्य उर्जाको ब्याट्रीहरु फेर्ने अवस्थामा पुगेका छन् । त्यसैगरी इन्भर्टर पनि फेर्नु पर्ने अवस्थामा नै पुगेको छ । कम्प्युटर भने सामान्य सफ्टवेर बिग्रीएको अवस्थामा रहेको छ । हाल प्र.अ. सँग आफ्नै निजी ल्यापटप भएकाले सबै कामहरु उक्त ल्यापटपबाटै सम्पादन गर्नुको साथै विद्यार्थीहरुलाई समेत त्यसै मार्फत समय समयमा शिक्षण गर्ने गरिएको अवस्था रहेको छ ।

# अध्याय-तीन
# योजना कार्यन्वयनको प्रस्तावित खाका

### ३.१ प्रस्तावित योजना

सुचना तथा सञ्चार प्रविधिको सेवा पहुँच योजना

### ३.२ योजना तयारी

यस योजना पूरा गर्नको निम्ति सर्व प्रथम वि.व्य.स. तथा स्थानीय सरोकारवालाहरुसँग छलफल अन्तरक्रिया गरी विद्यालयमा **सुचना तथा सञ्चार प्रविधि सम्वन्धि योजना** कार्यन्वयनका लागि कम्प्युटर तथा अन्य सामग्रीहरुको खरिद गर्न आवश्यक पर्ने आर्थिक स्रोत जुटाउने सम्बन्धमा निर्णयहरु गरिनेछ । श्री जिल्ला शिक्षा कार्यलयबाट प्राप्त हुने करिव रु. एक लाख चालीस हजार (१,४०,०००) रकममा विद्यालयको तर्फबाट न्यूनतम रु. साठी हजार (६०,०००) थप्नु पर्ने भए तापनि थप बढि सेवा सुविधाहरु लिनको निम्ति विद्यालयको तर्फबाट सक्दो बढि भन्दा बढि रकम जोहो गर्ने सम्बन्धमा निर्णय गरी आर्थिक सहयोग अभियान नै सञ्चालन गरिनेछ ।
आन्तरिक रुपमा आर्थिक संकलन अभियानको साथ साथै श्री जिल्ला शिक्षा कार्यलयमा समेत प्रस्तावना पत्र तयार पारी प्रस्तुत गरिने छ ।

### ३.३ आर्थिक लागत तथा व्यवस्थापन

प्रस्तावित योजना सम्पन्न गर्नको निम्ति आवश्यक न्यूनतम प्रस्तावित रकम रु. दुइ लाख (२,००,०००) हनेछ । सो रकमको व्यवस्थापनका लागि देहाय बमोजिमको रणनीति अपनाइनेछ :

#### ३.३.१ आन्तारिक स्रोत

विद्यालयले स्थानीय निकायबाट आर्थिक सहयोग लिन सकिने ।
विद्यालयका भू.पू विद्यार्थीहरु तथा शुभ चिन्तकहरुबाट आर्थिक सहयोग लिन सकिने ।

#### ३.३.२ वाह्य स्रोत

श्री जिल्ला शिक्षा कार्यलयबाट प्रस्तावना पत्र पेश गरी यस योजनाको कुल लागतको करिव ७० प्रतिशत रकम न्यूनतम रु. एक लाख चालीस हजार सम्म सहयोग लिने सकिने ।

### ३.४ योजनाका प्रमुख सेवा सुविधा तथा सामग्रीहरुको विवरण

**क) कम्प्युटर:** कम्प्युटर कार्यलय प्रयोजनको निम्ति केही उच्च क्षमताको खरिद गर्ने योजना बनाइएको छ ।

| S.N. | Device | Specification | Remarks |
|---|---|---|---|
| 1 | HDD | 320-500 GB minimum | 500 GB for Office use |
| 2 | Processor | 2.00 GHz above | |
| 3 | Mother Board | G 31/41 | G41 for Office use |
| 4 | RAM | 2 GB DDR3 | |
| 5 | Monitor | LCD/LED 14"-18" | |
| 6 | Keyboard | USB : Multimedia | |
| 7 | Speaker | Normal/Woofer | |

**ख) प्रिन्टर:** प्रिन्टर अल इन वान खरिद गर्ने योजना बनाइएको छ ।

| S.N. | Device | | | Specification | Remarks |
|---|---|---|---|---|---|
| 1 | Inkjet Printer 3in One / 4in One Brother/Cannon or equivalent brand. | 1 | Speed | Up to 18-22ppm (minimum) | must be operate by Solar power A/C Invertor |
| | | 2 | Drivers support | Windows®/XP/- Windows7 ® & 8 | |
| | | 3 | USB | Full Speed 2.0 / 3.0 | |
| | | 4 | Paper Tray | Universal: capacity up to 200-250 sheet | |
| | | 5 | Resolution | HQ 2400×600 dpi (minimum) | |
| | | 6 | Memory | Above 8 MB | |
| | | 7 | Photocopier | Yes | |
| | | 8 | Scanner | Yes | |
| | | 9 | Fax | Not compulsory | |

**ग) टेलिफोन:** विद्यालयमा एक टेलिफोन पनि हुनु आवश्यक भएकाले विद्यालय परिसरमा सबैभन्दा राम्रो नेटवोर्क लाग्ने स्काइ फोन खरिद गर्ने योजना बनाइएको छ ।

| S.N. | Device | Specification | Remarks |
|---|---|---|---|
| 1 | Ruim Card | CDMA SKY- Post Paid | Nepal Telecome |
| 2 | Telephone Set | With CDMA SKY Ruim Slot attached inside | Chinease or Indian |

**घ) इन्टरनेट सेवा:** विद्यालयमा कम्प्युटरको व्यवस्था गरेर त्यसमा इन्टरनेत कनेक्शन गर्न सकिएमा मात्र अधिकतम उपलब्धि हुने भएकाले दैनिक अपडेट तथा सञ्चार को लागि द्रुत गतिको हाल नेपाल टेलिकमबाट वितरण भइरहेको वाइ-म्याक्स लिने योजना गरिएको छ । तथापि इन्टरनेट कनेक्शनका लागि हाललाई कम लगानी पर्ने स्काई प्रो को प्रवन्ध गरी यसमा लगानी हुने रकमले प्रोजेक्टर पनि व्यवस्था गर्न पनि सकिनेछ ।

| S.N. | Device | Specification | Remarks |
|---|---|---|---|
| 1 | Y max Device | 4G wireless internet connectivity system Device | Nepal Telecome |
| 2 | Routers | Multiple | |

**ङ) प्रोजेक्टर:** विद्यालयमा शैक्षिक क्रियाकलमा सुचना तथा संचार प्रविधिको अधिकतम उपयोग गर्नको निम्ति कम्प्युटरले मात्र नहुने बरु त्यसको साथमा प्रोजेक्टर पनि भएमा अति उपयोगी सावित हुने देखिएकाले यस योजना अन्तर्गत इन्टरनेट कनेक्सनका लागि वाइ म्याक्सको स्थानमा स्काई प्रो ले काम चलाएर त्यसमा लगानी हुने रकमले एक मल्टी फंसन पोर्टेवल प्रोजेक्टरको प्रवन्ध गर्न सकिनेछ ।

| S.N. | Device | Specification | Remarks |
|---|---|---|---|
| 1 | Projector | 800-1200 M.P | |
| 2 | | with USB ports | Support Pen Drives |

**च) विविध:** अन्य केही विविध आत्यवश्यक सामग्रीहरु पनि खरिद गर्ने योजना गरिएको छ ।

| S.N. | Device | Specification | Remarks |
|---|---|---|---|
| 1 | A/C invertor | 300 & 800 Watt | Chinease-Portable |
| 2 | Multiplug | Having 5 or more than pluges (High Quality) | |
| 3 | CDMA Device "wireless" | 3G/EVDO /Sky Pro | |
| 4 | Pen deive | 8 GB | |
| 5 | Internet Security | 3 User " Bitdefender" or equivalent | Utility Software |
| 6 | Webcam | High Meghapixel | |

| | | | |
|---|---|---|---|
| 7 | Wireless mouse | High Quality | To use in teaching activities |
| 8 | USP | Normal | |

### ७.५ विद्यूत आपूर्ति

विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको पहुँच पु¥याउन आवश्यक भौतिक सामग्रीहरुको मात्र प्रवन्ध हुँदैन । उक्त सामग्रीहरु सञ्चालनको निम्ति विद्यूत शक्तिको समेत प्रवन्ध गर्नु पर्ने हुन्छ । जलविद्यूतको सेवा नपुगेको ग्रामीण इलाकाहरुमा वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा शक्तिलाई उपयोग गर्नुको विकल्प रहन्न । यस योजना अन्तर्गत ठूलो शक्तिको सौर्य उर्जा प्रणालीलाई पनि समेट्नु पर्ने भएकाले पनि विद्यालयले थप आर्थिक स्रोत जुटाउनु पर्ने आवश्यकता देखिन्छ ।

ठूलो क्षमता (कम्तिमा ५०० वाट) को सौर्य उर्जा प्रणाली जडानका निम्ति ललितपुर स्थित **वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र,** खुमलटारमा एक प्रस्तावना पत्र प्रेषण गरिसकिएको छ । साथै हाल गाउँमा विद्यूतीकरणको शुरुवात समेत भइसकेको छ ।

### ७.६ योजनाको प्रस्तावित एवम् सम्भावित लागत विवरण

| क्र.सं. | सामग्री विवरण | परिमाण | दर | कुल प्रस्तावित लागत | कैफियत |
|---|---|---|---|---|---|
| १ | कम्प्युटर | १ | ३५,०००।- | ३५,०००।-* | कार्यलय प्रयोजन |
| | | २ | ३०,०००।- | ६०,०००।-* | शिक्षण प्रयोजन |
| २ | प्रिन्टर | १ | २२,०००।- | २२,०००।-* | |
| ३ | इन्भर्टर | २ | ३,०००।- | ६,०००।-* | |
| ४ | मल्टीप्लग | २ | ५००।- | १,०००।- * | |
| ५ | रिम कार्ड सि.डि.एम.ए. | १ | २,३००।- | २,३००।- | SKY DATA Activation सहित |
| ६ | टेलिफोन सेट | १ | २,५००।- | २,५००।-* | |
| ७ | सि.डि.एम.ए. डिभाइस | १ | २,४००।- | २,४००।-* | |
| ८ | पेन ड्राइभ | १ | १,०००।- | १,०००।- * | |
| ९ | वेवक्याम | १ | ८००।- | ८००।-* | |
| १० | इन्टरनेट सेकुरिटी | १ | २,०००।- | २,०००।-* | 3 user |
| ११ | वाइरलेस माउस | १ | १,५००।- | १,५००।- * | |
| १२ | इन्टरनेट कनेक्शन सम्बन्धि सबै डिभाइसहरु वा प्रोजेक्टर | - | ५५,०००।- | ५५,०००।-* | जडान शुल्क समेत |
| १३ | स्टेपलाइजर/यु.एस.पी. | १ | ३०००।- | ३५,००।-* | |
| १४ | ढुवानी र विविध | - | - | ५,०००।-* | |
| जम्मा | | | | २,००,०००।- | |
| अक्षरी दुई लाख रुपैया मात्र । | | | | | |

*प्रस्तावित रकम केही घटीबढि हुन सक्दछ ।

## ५.७ फर्निचर

विद्यालयमा कम्प्युटरहरु तथा अन्य सामग्रीहरु खरिद गरेर मात्र हुँदैन । उक्त सामग्रीहरुको व्यवस्थित तवरले व्यवस्थापन तथा सञ्चालनको निम्ति फर्निचरको पनि प्रवन्ध गर्नु पर्ने हुन्छ । यसका लागि यस योजना अन्तर्गत कुनै पनि फर्निचर खरिद गरिने छैन । तत्कालका लागि विद्यालयमा रहेको पुरानो फर्निचरहरुलाई नै उपयोग गर्ने योजना गरिएको छ ।

आर्थिक वर्ष २०७०/७१ को गाउँ परिषदमा विद्यालयकमा आवश्यक फर्निचर निर्माणको लागि आर्थिक अनुदान प्राप्त गर्न प्रस्तावना पत्र पेश गर्न तयार गरिएको छ । तत्पश्चात सबै किसिमका फर्निचरहरु व्यवस्था हुने विश्वास लिइएको छ ।

समाप्त

सानोदुम्मा माध्यमिक विद्यालय
सानोदुम्मा–३(थर्पु),भोजपुर
फोनः ९७५२००३१९१
email: sanodumma.edu@gmail.com
www.facebook.com/groups/sanodumma.edu
www.sanodumma.edu.np (proposed)